भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal


# समाचार पत्र

## नेपालमा भारतका झलकहरु

### ‘भारत महोत्सव’



भारतीय राजदूतावास, काठमाडौंले भारतीय नागरिक संघसँगको सहकार्यमा मिति २०८० श्रावण २८ गते एक कार्यक्रमको आयोजना गरी भारत महोत्सव मनायो । महोत्सवमा चर्चित गायक हेमन्त बृजवासी र उनको समूहले सांगीतिक प्रस्तुती प्रस्तुत गर्यो । उक्त कार्यक्रमले नेपालमा रहेका भारतीय डायस्पोरासँगको सम्बन्धलाई सुदृढ बनाउनुका साथै नेपालमा रहेको भारतीय सम्पदालाई प्रदर्शन गर्ने काम गर्यो ।

# स्वतन्त्रता दिवस



भारतीय राजदूतावास, काठमाडौंले आजादी का 'अमृत महोत्सव' को एक हिस्साको रुपमा मिति २०८० श्रावण ३० गते भारतको ७७ औं स्वतन्त्रता दिवस मनायो। कार्यक्रममा नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले भारतको राष्ट्रिय झण्डा झण्डोत्तोलन गर्नुभयो। सो अवसरमा ७७ औं स्वतन्त्रता दिवसको पूर्व सन्ध्यामा भारतका माननीय राष्ट्रपतिले राष्ट्रका नाममा गर्नुभएको सम्बोधन भिडियोमार्फत प्रस्तुत गरियो। कार्यक्रममा दूतावासले भारतीय सशस्त्र बलका मृतक गोर्खा सैनिकका पत्नी एवम् निकटतम नातेदारलाई नेरु ५.३३ करोड प्रदान गरी सम्मान गर्यो। केन्द्रीय विद्यालय काठमाडौ र स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, काठमाडौंका विद्यार्थी तथा शिक्षकले कार्यक्रममा विभिन्न प्रस्तुती प्रस्तुत गरे।

थप जानकारी..

August 2023 © Embassy of India, Kathmandu.

# ‘मेरी माटी, मेरा देश’ कार्यक्रम




स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले ७७ औं स्वतन्त्रता दिवसको अवसरमा 'आजादी का अमृत महोत्सव' को एक हिस्साको रुपमा मिति २०८० श्रावण ३० गते ‘मेरी माटी, मेरा देश’ कार्यक्रमको आयोजना गर्यो । कार्यक्रममा केन्द्रीय विद्यालयका विद्यार्थीहरुले भारतको स्वतन्त्र संग्रामका अकीर्तित नायकहरुको संघर्षको कथा सुनाए । त्यसपछि भएको ‘मिट्टी की खुशबू मिट्टी की यादें’ सत्रमा भारतको ग्रामीण जनजीवन झल्काउने भिडियो प्रस्तुत गरियो । दूतावासका नियोग उप–प्रमुख श्री प्रसन्न श्रीवास्तवले भारतीय डायस्पोरा र दूतावासका कर्मचारीलाई पंच प्रण सपथ गराउनुभयो ।

# एनडिसी टोलीको नेपाल भ्रमण







भारत र नेपालबीचको रक्षा सहकार्यलाई सुदृढ बनाउन एयर भाइस मार्शल मनीष कुमार गुप्ताको नेतृत्वमा नयाँ दिल्लीस्थित राष्ट्रिय रक्षा महाविद्यालय (नेशनल डिफेन्स कलेज) को एक प्रतिनिधिमण्डलले २०८० भाद्र १० देखि १४ गतेसम्म नेपालको भ्रमण गरी भारत तथा मित्र राष्ट्र जर्मनी, बंगलादेश, श्रीलंका, साउदी अरब, बेलायत र ओमानका अधिकारीहरुसँग भेटवार्ता गर्यो । राष्ट्रिय रक्षा महाविद्यालयको भ्रमण टोलीले भारत–नेपाल रक्षा सहकार्यबारे छलफल गर्न नेपालका सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल र नेपाली सेनाका प्रधान सेनापति तथा भारतीय सेनाका मानार्थ महारथी प्रभुराम शर्मासँग शिष्टाचार भेटवार्ता गर्यो ।

थप जानकारी..

# Bihar Museum Biennale 2023 को दोस्रो संस्करण



विहारका माननीय मुख्यमन्त्री श्री नीतीश कुमारले मिति २०८० श्रावण २२ गते पटनामा आयोजित दोस्रो Bihar Museum Biennale को उद्घाटन गर्नुभयो । यो कार्यक्रम वर्ष २०२३ मा भारतको अध्यक्षतामा हने जीर२० पहलको हिस्साको रुपमा रहेको छ । संग्रहालय, संग्रहालय सम्बद्ध व्यवसायिक व्यक्ति तथा कलाकारलाई मञ्च प्रदान गर्ने प्रयासस्वरुप यो कार्यक्रमको आयोजना गरिएको हो । सागर शमशेर राणाको नेतृत्वमा नेपाल कला परिषद्को पनि Bihar Museum Biennale 2023 मा सहभागिता थियो ।

उद्घाटन समारोहका क्रममा जीर२० सदस्य र अतिथि राष्ट्रका कला समेटिएको ‘Together We Art’ नामक प्रदर्शनीको पनि आयाजना गरियो । सोही अवसरमा नेपाल कला परिषद्वारा आयोजित ‘Nepal -Where the Gods Reside’ प्रदर्शनीमा झण्डै ४०० वर्ग फिटको प्रदर्शनी स्थलमा ६८ जना कलाकारको २०५ वटा कलाकृति राखिएको थियो । यो कला प्रदर्शनी नेपाली कलाकारले विदेशमा गरेको हालसम्मकै ठूलो प्रदर्शनी रहेको छ । नेपाली कलाकारद्वारा प्रस्तुत प्रदर्शनीले सबैको ध्यान खिच्नुका साथै प्रदर्शनी स्थलको मध्य भागमा राखिएको रंगीन पञ्च बुद्ध र अष्ट मंगला मण्डला प्रदर्शनीको मुख्य आकर्षण बनेको थियो । प्रदर्शनी सन् २०२३ अक्टोबरसम्म चल्नेछ ।

थप जानकारी..

**August 2023 © Embassy of India, Kathmandu.**

# कला प्रदर्शनीको उद्घाटन




भारतीय राजदूतावासका नियोग उप–प्रमुख श्री प्रसन्न श्रीवास्तवले चेन्नईको चोलामण्डल आर्टिस्ट भिलेज र नेपाल कला परिषद्का कलाकारहरुको प्रदर्शनीको मिति २०८० भाद्र ५ गते उद्घाटन गर्नुभयो । बबरमहलस्थित नेपाल कला परिषद्मा भाद्र ५ देखि १६ गतेसम्म चलेको उक्त प्रदर्शनीमा भारतका ६ जना र नेपालका ३३ जना कलाकारको कलाकृति राखिएको थियो । कलाकारहरुले भाद्र २ गते भक्तपुर दरबार स्क्वायर परिसरमा प्रत्यक्ष पेन्टिङ गरे भने भाद्र ३ र ४ गते नेपाल कला परिषद्मा आयोजित आर्ट क्याम्पमा पनि सहभागि भए ।

August 2023 © Embassy of India, Kathmandu.

# नेपाल–भारत पुस्तकालयमा नेपाल–भारत साहित्य समारोह




नेपाल–भारत साहित्य समारोह अन्तर्गत भारतीय राजदूतावास, काठमाडौंले मिति २०८० भाद्र ३ गते नेपाल–भारत पुस्तकालयमा एक साहित्यिक कार्यक्रमको आयोजना गर्यो । कार्यक्रममा प्रमुख अतिथि सर्वोच्च अदालत नेपालका पूर्व न्यायाधिश श्री गिरिश चन्द्र लालको उपस्थितिमा बी.पी. कोइराला फाउण्डेसनद्वारा प्रकाशित ‘नेपाल में हिन्दी’ नामक हिन्दी पुस्तकको बिमोचन गरियो । हिन्दी कविता संग्रह ‘उजाले के रंग’ र नेपाली कविता संग्रह 'चश्मा र आँखाको वार्ता’ माथि पनि चर्चा भयो । कार्यक्रममा भारत र नेपालबीचको साझा संस्कृति तथा भाषाको महत्वबारे पनि छलफल भयो ।

August 2023 © Embassy of India, Kathmandu.

# नेपाल प्रहरीका लागि अभिमुखीकरण कार्यक्रम




भारतीय राजदूतावास, काठमाडौंले मिति २०८० भाद्र १ गते नेपाल प्रहरीका अधिकारीहरुका लागि एक अभिमुखीकरण कार्यक्रमको आयोजना गर्यो । कार्यक्रममा सहभागि अधिकारीहरुले आउने सेम्टेम्बरमा आइटेक कोर्ष अध्ययनका लागि भारतको गुजरातस्थित राष्ट्रिय रक्षा विश्वविद्यालय र गाजियावादस्थित केन्द्रीय अनुसन्धान ब्युरो ऐकेडेमी जानेछन् । सो कार्यक्रममा भारतको सरदार वल्लभभाइ पटेल राष्ट्रिय प्रहरी प्रतिष्ठान र राष्ट्रिय रक्षा विश्वविद्यालयमा अध्ययन गरी भर्खरै फर्किएका नेपाल प्रहरीका आइटेक एलम्नाईहरुले भारतमा अध्ययन एवम् प्रशिक्षण गर्दाको आफ्ना अनुभव सुनाउनुका साथै त्यसबारे सुझाव दिए ।

# केही छुटाउनुभयो कि !

## चन्द्रयान–३: भारत चन्द्रमामा पुग्यो




भारतले मिति २०८० भाद्र ६ गते चन्द्रमाको दक्षिणी ध्रुवमा सफतापूर्वक चन्द्रयान–३ को सफलतापूर्वक अवतरण गराई इतिहास रचेको छ । चन्द्रमामा सफलतापूर्वक अन्तरिक्षयान पठाउने भारत चौथो देश बनेको छ भने चन्द्रमाको दक्षिणी ध्रुवमा अवतरण गर्ने पहिलो देश भएको छ । भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले मिति २०८० आषाढ २९ गते LVM3 M4 रकेटसहितको चन्द्रयानको प्रक्षेपण गरेको थियो ।

थप जानकारी..

August 2023 © Embassy of India, Kathmandu.

आज़ादी का अमृत महोत्सव
भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal
सत्यमेव जयते
G20 भारत 2023 INDIA

# केही छुटाउनुभयो कि !

## प्रधानमन्त्रीको दक्षिण अफ्रिका र ग्रीस भ्रमण









भारतका प्रधानमन्त्री माननीय नरेन्द्र मोदीले १५ औं ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन गणतन्त्र दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामफोसाको निमन्त्रणामा २०८० भाद्र ५ देखि ७ गतेसम्म जोहानेस्वर्गको भ्रमण गर्नुभयो । सन् २०१९ पछि प्रत्यक्ष व्यक्तिगत उपस्थितिमा भएको यो पहिलो ब्रिक्स सम्मेलन हो । प्रधानमन्त्री मोदीले 'ब्रिक्स–अफ्रिका आउटरिच एण्ड ब्रिक्स प्लस डायलग' मा पनि भाग लिनुभयो जहाँ दक्षिण अफ्रिकाद्वारा आमन्त्रित अन्य राष्ट्रको पनि सहभागीता थियो । प्रधानमन्त्री मोदीले ग्रीसका प्रधानमन्त्री किरियाकोस मित्सोताकिसको निमन्त्रणामा मिति २०८० भाद्र ८ गते ग्रीसको औपचारिक भ्रमण गर्नुभयो ।

थप जानकारी..

August 2023 © Embassy of India, Kathmandu.

# यहाँ जानुभएको छ?

## कुम्भलगढ किल्ला, राजस्थान



'भारतको उदयपुरदेखि झण्डै ८४ किमि को दुरीमा रहेको कुम्भलगढ किल्ला ग्रेट वाल अफ इण्डिया' को नामले पनि चिनिन्छ । मेवार वंशको पालामा निर्माण भएको यो किल्ला अरावली पर्वतको पश्चिमी श्रृंखलामा रहेको छ भने राजस्थानको राजसमन्द शहरदेखि यो किल्लाको दूरी मात्र ४८ किमि रहेको छ । यो राजस्थानको पहाडी किल्लाहरुमा समावेश गरिएको विश्व सम्पदा स्थल पनि हो । समुन्द्री सतहदेखि ११०० मिटरको उचाईमा निर्माण भएको यो किल्ला वरिपरि निर्माण भएको पर्खाल संसारको सबैभन्दा लामो पर्खालहरु मध्येको एक हो ।

थप जानकारी..